निर्णयहरू:-

१. COVID-19 बाट संक्रमण भई उपचार गर्नुपर्ने भएमा त्यस्ता विरामीहरूलाई स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले तोकेका सरकारी, सामुदायिक तथा निजी अस्पतालहरूबाट उपचार गराउने व्यवस्था मिलाउने । यसको समन्वय स्वास्थ्य कार्यालय, मकवानपुरले गर्ने ।

२. शंकास्पद विरामीहरू निगरानी तथा व्यवस्थापनका लागि हेटौडामा देहाय बमोजिमको व्यवस्थाको लागि स्वास्थ्य कार्यालयले प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय, बागमती प्रदेश, हेटौडासँग समन्वय गर्ने ।

क. ५०० शैया क्षमताको क्वारेन्टाइन कक्ष निर्माण गर्ने स्थानहरू

- हेटौडा एकेडेमी, हेटौडा, २०० शैया
- वन विज्ञान अध्ययन संस्थान, १०० शैया
- गौरिटार खेलकुद एकेडेमी, १०० शैया
- सशस्त्र प्रहरी क्याम्प, १०० शैया, कर्रा खोला

ख. हेटौडा अस्पतालमा १०० शैयाको Isolated Ward व्यवस्थापन गर्ने ।

ग. हेटौडा अस्पतालमा १० शैयाको भेन्टिलेटर सहितको ICU कक्ष स्थापना गर्ने ।

३. जिल्लाभित्रका सिनेमाहल, सांस्कृतिक केन्द्रहरू, रंगशाला, खेल स्थल, जिम, हेल्थ क्लब, म्युजियम, स्वीमिङ्ग पुल, मनोरञ्जन स्थल, डान्सबार तथा क्लब आदिलाई २०७६ चैत्र मसान्तसम्म बन्द गर्ने । यसको अनुगमन सुरक्षा निकायले गर्ने ।

४. अत्यावश्यक काममा बाहेक आवतजावत, हिडडुल नगर्न मकवानपुर वासीमा अनुरोध गर्ने । सांस्कृतिक, सामाजिक र त्यस्तै कार्यहरूमा मठमन्दिर, गुम्वा, मस्जिद, चर्च जस्ता धार्मिक र पार्टीप्यालेस जस्ता सार्वजनिक स्थलहरूमा २५ जना भन्दा बढी मानिसहरू भेला नहुने । यस सम्बन्धमा प्रचार प्रचार जिल्लास्थित सञ्चार माध्यमहरूले गर्ने ।

५. यातायात व्यवसायीहरूले लामो दुरीका सार्वजनिक सवारी साधनहरू नचलाउने र सो को अनुगमन यातायात कार्यालय, जिल्ला ट्राफिक प्रहरी कार्यालय र यातायात व्यवसायीसँग सम्बद्ध कम्पनीहरूले गर्ने ।

६. मानिसहरूको बढी जमघट हुने सार्वजनिक स्थलहरूमा स्थानीय तहले दैनिकरूपमा निश्चित समयको अन्तरालमा सरसफाई एवं Disinfection गर्ने । यस कार्यको अनुगमन जिल्ला समन्वय समितिले गर्ने ।

०७६।१२।५

दिपक राज नेपाल
प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय

७. जिल्लाभित्रका अत्यावश्यक सामग्री बिक्री वितरण गर्ने पसल, सपिङ्गमल आदिका सञ्चालकहरूले ज्वरो मापन गर्ने उपकरण तथा सामग्रीहरूको व्यवस्था गरी उक्त स्थानहरूमा प्रवेश गर्ने व्यक्तिहरूको स्वास्थ्य जाँच (Health Screening) गर्ने । साथै, हात सफा गर्ने Sanitizer लगायत सफाइका सामग्रीहरूको प्रबन्ध गरी कार्यस्थल, शौचालय आदि स्थान र टेबल, कुर्सी, बार-रेलिङ्गमा नियमितरूपमा Disinfection गर्ने गराउने ।

८. दैनिकरूपमा सञ्चालन भएको OPD को साथै Extended Health Service को लागि हेटौडा अस्पतालमा छुट्टै Fever Clinic सञ्चालन गर्ने, टोकन मार्फत दिनको १:३० देखि २:३० सम्म OPD टिकट प्रदान गरी दिनको २:३० देखि ५:०० बजेसम्म मात्र OPD सञ्चालन गर्ने ।

९. अत्यावश्क सेवामा कार्यरत रहेका सरकारी वा सार्वजनिक क्षेत्रमा कार्यरत जनशक्तिलाई विदा वा काज नछोड्ने/नखटाउने ।

१०. सार्वजनिक कार्यालयहरूको प्रवेशद्वारमा हात धुने व्यवस्थाका लागि साबुन पानी वा Sanitizer को अनिवार्य व्यवस्था गर्ने, गराउने ।

११. विदेशबाट फर्किएका व्यक्तिहरूलाई घरमै Self-Quarantine मा रहन तथा आम नागरिकलाई भिडभाडयुक्त स्थानमा नजान/सहभागी नहुन सबै स्थानीय तहले आवश्यक सूचना प्रदान गर्ने ।

१२. COVID-19 को सम्भावित संक्रमणको जोखिमबाट बच्न आवश्यक सचेतनाका बारेमा जानकारी अञ्चल आयुर्वेद कार्यालयले प्रदान गर्ने ।

१३. COVID-19 को सम्भावित संक्रमणको जोखिमलाई रोकथाम तथा नियन्त्रण गर्न स्थानीय तहमा आवश्यक पर्ने PPE (Personal Protective Equipment), Gun for Fever (Forehead Thermometer) लगायतका औजार उपकरणको विवरण स्वास्थ्य कार्यालय, मकवानपुरले स्थानीय तहबाट माग गरी सो अनुसारका सामग्रीहरूको उपलब्धताको लागि प्रदेश र संघीय सरकार समक्ष अनुरोध गर्ने र सो जानकारी जिल्ला विपद् व्यवस्थापन समितिलाई दिने ।

०७६।१२।३

दिपक राज नेपाल
प्रमुख जिल्ला अधिकारी